बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## प्रदेश दुग्ध विकास बोर्ड

हेटौंडा, नेपाल

# प्रस्ताव आव्हानको सूचना

### प्रथम पटक प्रकाशित मितिः- २०८०/०८/०६

प्रदेश दुग्ध विकास बोर्ड, बागमति प्रदेश, हेटौंडाको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनको लागि सहभागी हुन ईच्छुक आवेदक संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशित भएको ३० दिन भित्र कार्यालय समयमा आइपुग्ने गरी तपसिलमा उल्लेखित कागजात सहित यस बोर्ड वा जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रस्ताव दर्ता गर्नु हुन सुचित गरिन्छ । साथै रित नपुगी दर्ता भएका र वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिने छैन।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | कुल विनियोजित बजेट (रू हजारमा) | आवेदक | कार्यविधि |
|---|---|---|---|---|---|---|
| १ | उत्पादनमा प्रविधि एवम् यन्त्र सहयोग कार्यक्रम (दुग्ध उत्पादन, प्रशोधन तथा बजारीकरणसँग सम्वन्धित) (मिल्किङ्ग मेशिन,चिलिङ्ग भ्याट, साइलेज बनाउने मेशिन, मिल्क एनालाइजर, खुवा बनाउने मेशिन, बटर चर्नर, आईसक्रिम मेशिन, छुर्पि बनाउने मेशिन) | पटक | १ | १२५०० | कृषक समूह, दूधको कारोवार गर्ने सहकारी संस्था, निजी कृषि फर्म, कृषि उद्यमी | कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ |
| २ | प्रविधिमैत्री दुग्ध सहकारी कार्यक्रम | पटक | २० | ४००० | दूधको कारोवार गर्ने सहकारी संस्था | प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० |
| ३ | महिलाद्धारा संचालित दुग्ध संकलन गर्ने सहकारीको लागि पुर्वाधार र प्रविधिमा सहयोग कार्यक्रम | संख्या | २ | ४००० | दूधको कारोवार गर्ने सहकारी संस्था | प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० |

पेश गर्नुपर्ने कागजातहरूको विवरण:

- रू १०।- को हुलाक टिकट टाँस गरी अनुसुचि-२ बमोजिमको निवेदन
- सम्वन्धित कार्यविधि बमोजिमको प्रस्ताव र प्रतिबद्धता पत्र
- मेशिनरी औजार संन्चालन तथा मर्मत सम्वन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि
- संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि
- संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएका रजिष्ट्रारको कार्यालयबाट गरीने कम्पनी अद्यावधिक भएको पत्र ,
- आवेदकको प्यान, भ्याट प्रमाण पत्र र करचुक्ताको प्रतिलिपि
- संस्थाको हकमा निर्णयको प्रतिलिपि
- स्थानीय तह वा वडाको सिफारिस पत्र
- आवेदन प्रकृयाको लागि जिम्मेवारी दिइ खटाउने पदाधिकारीलाई अख्तियारी पत्र र नागरिकताको प्रतिलिपि
- आवेदकले अनुसुचि-४ बमोजिम न्यूनतम मापदण्ड पूरा गरेको प्रमाण खुल्ने कागजात (उत्पादनमा प्रविधि एवम् यन्त्र सहयोग कार्यक्रमको हकमा)
- संरचना निर्माणको हकमा डिजाइन र लागत अनुमान (प्रविधि र पूर्वाधार विकास कार्यक्रमको हकमा)
- आवश्यक अन्य कागजात (सम्बन्धित कार्यविधिले तोके बमोजिम)

नोटः- थप जानकारीको लागी बोर्डको फोन नं. ०५७-५९०५९१,०५७-५९०४९१ मा सम्पर्क राख्नु हुन र वेभसाईट pddb@bagamati.gov.np बाट सम्बन्धित कार्यविधि डाउनलोड गरी विस्तृत जानकारी लिन सकिने छ।

सजिता न्यौपाने
निर्देशक